




PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com








❖ वर्ष ३४ ❖ २०७८ साउन १८ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 02 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३३५


## कलैयामा सोमवारदेखि भौतिकरूपमा कक्षा सञ्चालन

प्रस, वीरगंज, १७ साउन/

कलैया उपमहानगरपालिकामा रहेका सबै तहका कक्षा सोमवारदेखि सञ्चालनमा आउने भएको छ।

कलैया उपमहानगरपालिकाका उपसचिव प्रह्लादप्रसाद वर्णवालले आधारभूत तहका १ देखि ८ कक्षामध्ये ४ देखि ८ र मावि तहका ९ देखि १२ सम्मको कक्षा विद्यार्थीहरूको भौतिक उपस्थितिमा पठनपाठन गर्न पाउने निर्णय भएको हुँदा सोही अनुरूप सञ्चालन गर्न निर्देशन गरेका छन्।

नगर शिक्षा समितिको साउन १५ गते बसेको बैठकले यी कक्षाहरू भौतिकरूपमा विद्यार्थीहरू उपस्थित गराएर सञ्चालन गर्न निर्णय गरेअनुरूप उपमहानगरपालिकामा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई सञ्चालन गर्न निर्देशन गरिएको छ। विद्यालय सञ्चालन गर्दा कम्पाउन्ड, कक्षा कोठा, शौचालय, प्रयोगशाला विसङ्क्रमित गर्नुपर्ने, शिक्षक–विद्यार्थीहरूले स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्नुपर्ने, एउटा बेन्चमा एकजना मात्र राख्नुपर्ने र सोअनुरूप कक्षा सञ्चालनमा डेस्क–बेन्चको कमी नभएको खण्डमा सिफ्ट अनुसार कक्षा सञ्चालन गर्ने र घरमा भएका विद्यार्थीहरूको लागि टेलिफोन, अनलाइन, भिडियो कन्फ्रेन्समार्फत अथवा विद्यार्थीहरूको घरमा गई सिकाइ सहजीकरण, गृहकार्य दिने निर्देशन गरिएको छ।


कोरोनाअघि विद्यालयमा अध्ययनरत विद्यार्थीहरू। तस्वीरः फाइल/प्रतीक

बारा जिल्लामा सबै तहका विद्यालयहरू सञ्चालनमा आए पनि पर्सा जिल्लामा अहिलेसम्म विद्यालय सञ्चालन हुन सकेको छैन। वैशाख १६ गतेदेखि शुरू भएको निषेधाज्ञा अनिश्चितकालको लागि जारी भएको छ। तर केही विद्यालय भने निषेधाज्ञामा पनि विनापोशाक सञ्चालन भइरहेका छन्। वीरगंज महानगरपालिकाले असार १ गतेदेखि कक्षा ८ देखि १२ सम्म भौतिकरूपमा सञ्चालनको निर्देशन गरे पनि जिल्ला सङ्कट व्यवस्थापन समितिले यससम्बन्धी निर्णय नगरेको कारण अहिलेसम्म आधिकारिकरूपमा सञ्चालनमा आउन सकेका छैनन्। तर महानगरका थुप्रै संस्थागत विद्यालय भने यो अवधिमा विनापोशाक भौतिकरूपमा विद्यार्थीहरू राखेर सञ्चालन भइरहेका छन्।

## ठोरी गापाको गाउँसभा सम्पन्न

प्रस, ठोरी, १७ साउन/

ठोरी गाउँपालिकाको छैटौं गाउँसभा आइतवार सम्पन्न भएको छ। गत असार ३१ गते शुरू भएको सभामा अघिल्लो आर्थिक वर्षमा प्रस्तुत भएको आयव्यय विवरण सार्वजनिक गर्नुपर्ने माग गर्दै बहुमत गाउँसभाले विरोध जनाएपछि स्थगित भएको सभा आइतवार सम्पन्न भएको हो।



तस्वीरः प्रतीक

गाउँकार्यपालिका कार्यालय घ्याङडाँडामा सम्पन्न सभाले आर्थिक वर्ष २०७८/७९ का लागि ४७ करोड ७० लाख ७२ हजार रुपैयाँ बराबरको बजेट पारित गरेको छ। गापा अध्यक्ष पद्मलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न सभामा आर्थिक वर्ष २०७८/७९ का लागि विनियोजन विधेयक प्रस्तुत गर्दै गापा उपाध्यक्ष शान्तिमाया थिङले चालूतर्फ ६ करोड ९४ लाख ५३ हजार र पूँजीगततर्फ ४० करोड ७६ लाख १९ हजार बजेट पेश गरेकी थिइन्।

छैटौं गाउँसभामा शिक्षा, स्वास्थ्य, यातायात, भौतिक निर्माण, सिंचाइ, पर्यटन, खानेपानीलगायतलाई प्राथमिकतामा राखेर बजेट प्रस्तुत गरिएको थियो। बजेटले ठोरीका सामुदायिक विद्यालयमा कार्यरत सबै बालविकास सहयोगी, कार्यालय सहयोगी, कार्यालय सहायक र स्वयंसेवक शिक्षकको तलबमा कम्तीमा २ हजारदेखि २३३ प्रतिशतसम्म वृद्धि गरेको छ।

गापामा कक्षा ५ सम्म सञ्चालित आधारभूत तहको विद्यालयमा मासिक ४ हजार ५ सय तलबमा कार्यरत कार्यालय सहयोगीको तलबमा २३३ प्रतिशत वृद्धि गर्दै रु १५ हजार पुगेको छ भने कक्षा ८ सञ्चालित आधारभूत र माध्यमिक विद्यालयको कार्यालय सहयोगीको तलब दोब्बर वृद्धि भएर १५ हजार पुगेको छ। यस्तै, गाउँसभाले ठोरीका सबै सामुदायिक विद्यालयमा सङ्घीय र गापाको अनुदानमा कार्यरत बालविकास सहजकर्ताहरूको तलब वृद्धि गर्दै १५ हजार पुऱ्याएको छ। सभाले गापाको अनुदानमा कार्यरत २१ जना सहजकर्ताहरूको तलबमा मासिक रु ९ हजार र सङ्घीय अनुदानमा कार्यरत सहजकर्ताहरूको तलबमा मासिक रु ७ हजार वृद्धि गरेर सरकारले लागू गरेको न्यूनतम मासिक तलब रु १५ हजार पुऱ्याएको हो। यस्तै, ठोरीका सबै विद्यालयका कार्यालय सहायकको तलब रु १७ हजार तथा गापाको अनुदानमा कार्यरत १३ जना स्वयंसेवक शिक्षकहरूको तलबमा मासिक रु २ हजार थप गरिएको छ।

पालिकाले टोलटोलमा सिकाइ सहजीकरणका लागि नियुक्त गरेको घरदैलो स्वयंसेवकको तलबमा पनि

(बाँकी तेस्रो पातामा)

## टेलिकमको फोरजी सेवामा धनुषा, सिराहा अगाडि

प्रस, वीरगंज, १७ साउन/

नेपाल टेलिकमको फोरजी सेवामा प्रदेश २ को अस्थायी राजधानी धनुषा र सिराहा जिल्ला अगाडि रहेको देखिएको छ।




मध्यतराईको पर्सा, बारा, रौतहट फोरजी सेवामा पछाडि रहेको नेपाल टेलिकमको तथ्याङ्कले देखाएको छ। नेपाल टेलिकम क्षेत्रीय कार्यालय, वीरगंजका सूचना अधिकारी रामनारायण महतोका अनुसार सिराहामा फोरजी सेवाको लागि ८४ वटा टावर (बेस्ड ट्रान्सिभर स्टेशन) रहेका छन् भने धनुषामा ८२ वटा छन्। त्यसैगरी, सप्तरीमा ७४ वटा, महोत्तरीमा ६० वटा, सर्लाहीमा ७४ वटा र मध्यतराईका पर्सा, बारा, रौतहटमा क्रमशः ६०, ५७, ५६ वटा छन्।

त्यसैगरी, थ्रीजी सेवामा सबैभन्दा बढी टावर धनुषा जिल्लामा रहेका छन्। धनुषामा ६०, सिराहामा ५९, सप्तरीमा ५३, सर्लाहीमा ५९, महोत्तरीमा ४६, रौतहटमा ४३, बारामा ४५ र पर्सामा ५० वटा टावर छन्। यसैगरी, टुजी सेवाको लागि पर्सामा ५२, बारामा ४४, रौतहटमा ४६, सर्लाहीमा ६१, धनुषामा ६५, महोत्तरीमा ४७, सिराहामा ६४, सप्तरीमा ५८ वटा टावर रहेका छन्।

तथ्याङ्क अनुसार पनि टुजी सेवामा पनि धनुषा, सिराहा, सप्तरी अन्य बाँकी जिल्लाभन्दा अगाडि देखिएका हुन्। सूचना अधिकारी महतोका अनुसार प्रदेश २ का ८ जिल्लाको भौगोलिक अवस्था र क्षेत्रफल फरक–फरक भएकाले टावरको सङ्ख्या थपघट भएको बताए। तर मुलुककै प्रमुख प्रवेशद्वार वीरगंज पर्सा र बारा जिल्लाको औद्योगिक कोरिडोर भए तापनि यो क्षेत्र दूरसञ्चारको सेवाबाट पनि विभेदमा परेको देखिएको छ।

पर्सा जिल्लाको दुर्गम मानिने ठोरीको निर्मलबस्ती, विजयबस्ती क्षेत्रमा पनि दूरसञ्चार सेवा पछिल्लो समयमा सञ्चालन भएको छ। दशकौंदेखि अहिले पनि मध्यतराईका विभिन्न जिल्लामा मोबाइल सेवा प्रयोगमा छैनन्।

## यातायात वीरगंजबाट ९ हजारजनाले पास गरे परीक्षा

प्रस, वीरगंज, १७ साउन/

यातायात व्यवस्था कार्यालय, लाइसेन्स वीरगंजबाट गत आवको १२ महीनामा ९ हजारभन्दा बढी मानिसले चालक अनुमतिपत्र (लाइसेन्स) लिएका छन्। गत आवको साउनदेखि असारसम्म दुईपटक कोरोना महामारीको डरत्रास भए तापनि ९ हजार ४६१ जनाले नयाँ लाइसेन्स लिएको कार्यालयका प्रमुख सुशीलकुमार साहले जानकारी दिए।


यातायात व्यवस्था कार्यालय वीरगंजमा लाम लाग्दै सेवाग्राही। तस्वीरः फाइल

उनका अनुसार ४ हजार १४३ जनाले मोटरसाइकल, २५०२ जनाले कार, जीप, भ्यान, ३६० जनाले टेम्पो, अटोरिक्शा, १४ जनाले ईरिक्शा, ६०६ जनाले टयाक्टर, पाँचजनाले डोजर, ११ जनाले रोडरोलर, ३५ जनाले क्रेन, एकजनाले दमकल, २१ जनाले लोडर, २९२ जनाले स्काइटर, २३१ जनाले भ्याकुलोडर, २१ जनाले ग्रेडर, एकजनाले फोर्कलिफ्ट र १२१८ जनाले स्कूटीको गरी ९ हजार ४६१ जनाले नयाँ सवारी चालक अनुमतिपत्र पाएको कार्यालयले जनाएको छ।

त्यसैगरी, सवारी चालक अनुमतिपत्र थप जारी गर्नेहरूमा मोटरसाइकल १७१, कार, जीप, डिलेभरी भ्यान ११२८, टेम्पो, अटोरिक्शा १५७, ईरिक्शा ४, टयाक्टर ९२, मिनीबस, मिनी ट्रक ३७, ट्रक, बस लहरी ७३४, डोजर २, रोडरोलर १०, क्रेन ३१, दमकल १७, लोडर १०, स्काइटर ६०, भ्याकुलोडर ८४, ग्रेडर १३, फोर्कलिफ्ट ४, स्कूटी ३ गरी कुल २५५७ जनाले लाइसेन्स थप गराएका छन्।

पावरटिलर, मिनीबस, मिनीट्रक, ट्रक, बस, लहरी, रोडरोलर, डोजर, क्रेन, दमकल, लोडर गरी ५ वटा समूहमा नयाँ लाइसेन्स गत आवमा जारी भएको छैन भने रोडरोलर, डोजर, क्रेन, दमकल, लोडर समूहमा थप लाइसेन्स जारी भएको छैन।

त्यसैगरी, १७३१ जनाले प्रतिलिपि, २४११६ जनाले नवीकरण र १२७३ जनाले प्रतिलिपि सँगसँगै नवीकरण पनि गराएका छन्। यसरी नयाँ लाइसेन्स, थप जारी प्रतिलिपि, नवीकरण, प्रतिलिपि–नवीकरण गरी कुल ५८ हजार २२४ जनाले सेवा लिएका छन् भने मोटरसाइकलमा गत आवमा ७ हजार २०५, कार, जीप, डिलेभरी भ्यानमा ५३३०, टेम्पो, अटोरिक्शामा ८६८, ईरिक्शामा ३९३, टयाक्टरमा ६९०, मिनीबस, मिनीट्रकमा २५१, ट्रक, बस, लहरीमा ८६४, डोजरमा १५९,

(बाँकी अन्तिम पातामा)


नोबेल कोरोना भाइरस (COVID-19) रोगको सङ्क्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नुहुन सम्पूर्ण नेपाली नागरिकलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
epprateekdaily.com

## विचारसार र सूक्तिहरू

**जिन्दगीको सच्चाई जान्न त्यति कठिन छैन। जुन तराजुमा अरूलाई जोख्छौं, त्यसमा आफू बसेर हेर वास्तविकता स्पष्ट हुन्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# विकास र प्रवृत्ति

**विकास स्वयम् केही होइन। विकास हुनका लागि आवश्यकता–बोध, प्रवृत्ति र समन्वय मुख्य कुरा हो। सरकारले एकपटक देशलाई खुला दिसामुक्त बनाउनका लागि न्वारानदेखिको बल लगायो, तमाम कोशिश गऱ्यो। धेरै ठाउँमा सित्तै, धेरै ठाउँमा अनुदान दिएर, ऋण व्यवस्था गरेर शौचालय बनाउने काम गऱ्यो। तर जसका लागि यी परिश्राट गरियो, उसलाई आवश्यकता–बोध नै थिएन, उसमा शौचालय प्रयोग गर्ने प्रवृत्तिको विकास नै भएको थिएन। यहाँ समन्वयका लागि स्थान नै थिएन। तर सडक निर्माण भने सबैको आवश्यकताको कुरा हो, सडक विकास होस् भन्ने प्रवृत्ति पनि छ, तर समन्वय छैन। खासगरी पर्सा जिल्लामा सडकको बीचमा परेका बिजुलीका पोलहरू यथास्थानमा राखी कङ्क्रिटिङ वा कालोपत्रे गर्ने काम गरिएको छ। यसले निश्चय नै दुर्घटना निम्त्याउँछ। सम्बन्धित विद्युत् कार्यालयको अन्तहीन प्रक्रिया छ, सडकबाट पोल हटाउनका लागि। ठेकेदारलाई समयमा काम सिध्याउने हतारो छ, जुन स्वाभाविक हो। जनताविशेषलाई राम्रो, चिल्लो सडकमा हिंड्ने, सवारी कुदाउने हतारो छ। तर सडकबीचमा परेको पोल हटाउने हतारो न विद्युत् प्राधिकरणलाई छ, न प्रशासनले तदारूकता, न सरकारको ठाडो आदेश नै छ।**

**कुन काम गर्दा कस्ता–कस्ता समस्या आइलाग्छ, त्यसबारे जानकारी नराख्नु प्रवृत्तिगत कमजोरी हो। यो हामी नेपालीमा सामान्य पाइन्छ। सडक वा अन्य कुनै निर्माण गर्नुपऱ्यो भने कार्यान्वयनमा आइपर्ने कठिनाइबारे समयपूर्व सोच्नु पहिलो दायित्व हो, पहिले सोच्न नसकिएको ठाउँमा त्वरित एक्शन लिनु दोस्रो दायित्व हो। त्वरित एक्शन एउटा निकायले लिन सकेन भने अर्को सम्बद्ध निकायले त्यसमा हात हाल्न पाउनु प्रवृत्तिगत विशेषता हो। तर यहाँ त कुनै सरकारी निकायले नै गर्न लागेको काममा अर्को निकायले सहयोग र समन्वय देखाउँदैन। एउटा ठेकेदारले गर्न लागेको कामप्रति चासो देखाएर किन कोहीले आफूलाई तल पार्ने ? हो, हामी नेपाली अरूलाई सहयोग गर्नु आफूलाई आफैंले तल पारेको ठान्छौं। सडक जनताका लागि, उपभोक्ता जनता, लगानी सरकारकै तर सरकार मातहतको निकाय विद्युत् निकाय सहयोग गर्न तदारूक हुँदैन। त्यो पोल नहटाए सडक बन्दै नबन्ने त होइन। पोल पनि एक दिन त हटाउनै पर्छ। तर काममा अल्झो बनाइदिएबापत सम्बन्धित व्यक्ति आलोचनाको होइन, स्याबासीको हकदार बन्छ। यो नै नेपालको विकास निर्माण कामको सबैभन्दा ठूलो तगारो हो।**

**साधन–स्रोत र अवसरले मात्र विकास र उन्नति हुने होइन। हो, साधन–स्रोत र अवसर माध्यम अवश्य हो। यसले कामलाई गति दिन्छ। तर जबसम्म प्रवृत्ति र समन्वयको अभाव रहन्छ; देश, समाज वा व्यक्तिको उन्नति कदापि सम्भव छैन। प्रवृत्ति स्वतः उम्रेको छ भने अति उत्तम, अन्यथा उमार्नुपर्छ। सरकारले बाध्य पार्नुपर्छ, आफ्ना निकायहरू, नागरिकको प्रवृत्तिमा परिवर्तन ल्याउन। हेर्दाहेर्दै चीनले विकासको चुचुरो छोइसक्यो। द. कोरियाले विश्वमा नाम दरिनेगरी विकासको फड्को माऱ्यो। एउटा दिन थियो, धेरै पनि भएको छैन, मात्र ५० वर्ष पहिले, यी देशहरू नेपालको हाराहारी अवस्थामा थिए। त्यहाँ रातारात उन्नति प्रवृत्तिलाई जबरजस्ती सुधारको बाटोमा ल्याएर भएको हो। काम नगर्ने, समन्वय नगर्ने सरकारी प्रवृत्तिमा सुधार आउन सकेको छैन, नागरिकको के भनेर सुधार हुने ?**

# हामी केटाकेटीहरूलाई के सिकाइरहेका छौं ?

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**ध्यान दिनुपर्ने कुरो के हो भने हामीले गर्ने हरेक क्रियाकलापबाट केटाकेटीहरूले प्रत्यक्ष–अप्रत्यक्ष धेरै कुरा सिकिरहेका छन् र सोही अनुरूप आफ्नो चरित्र पनि निर्माण गरिरहेका छन्। तसर्थ ध्यान दिनुपर्ने कुरो के हो भने हामी उनीहरूलाई के सिकाइरहेका छौं ?**

गत वर्षदेखि कोरोना महामारीले विश्वलाई नै हल्लाएको छ। धेरैजसो देशमा आर्थिक मन्दीले गर्दा लाखौंले जागीर गुमाउनुपरेको छ। धेरै राष्ट्रहरूले यसलाई अवसर र चुनौतीको रूपमा ग्रहण गरी आर्थिक दर वृद्धि पनि गरेका छन् तर त्यहीं धेरैजसो अविकसित राष्ट्र यस महामारीलाई एकअकार्माथि दोषारोपण गर्ने, आम जनमानसको बाध्यतालाई मुनाफाको माध्यम बनाउने धन्धामा लागेका छन्। नेपालजस्तो भूपरिवेष्ठित राष्ट्रमा देखा परेका यावत समस्याहरूको कारक वर्तमान शिक्षा पद्धति बनेकोजस्तो लाग्दछ। किनभने हामीले हालसम्म अपवादबाहेक जागरुक, संवेदनशील, राष्ट्रभक्त, कर्मठ, इमानदार, जनसेवी, विवेकशील नागरिक, प्रशासक वा नेता तयार गर्न सकेका छैनौं। वर्तमान बजारमुखी शिक्षाले त झन् राष्ट्रलाई पलायनमुखी र स्वार्थी बनाएको छ।

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको 'सुखी र समृद्ध नेपाल' वर्तमान राजनीतिक अवस्था, सामाजिक सोच र यहाँको शैक्षिक अवस्थालाई हेर्दा सफल होलाजस्तो लाग्दैन। आज भ्रष्टाचार चरम सीमामा छ। नैतिकता कल्पनाको कुरो भएको छ। जो जहाँ छ, त्यहीं कसरी धनी बन्ने छोटो बाटो खोज्न व्यस्त छ। गरीब बेरोजगार, महँगी र भ्रष्टाचारको मारमा परेको छ। धनीहरू लक्ष्मीको कृपाले मालामाल भइरहेका छन्। गरीब झन् कङ्गाल बन्दै गएको छ र मध्यम वर्ग कर्जामा डुबेका छन्। यहींनिर प्रश्न उठ्छ यस्तो अवस्था कसरी सिर्जना भयो ?

अपवादबाहेक हाम्रो शिक्षा पद्धतिले जागीरे बनाउने, आफ्नो दुनो सोझो भएन भने आन्दोलन गर्ने, निर्देशन दिनु मात्र आफ्नो दायित्व ठान्ने र नेताहरूको झोला बोक्नेबाहेक नागरिक जन्माउन सकिरहेको छैन। सङ्घीयतामा सङ्घ, प्रदेश र स्थानीय सरकारलाई थुप्रै अधिकार प्रदान गरिएको छ तर त्यसको कार्यान्वन फितलो देखिएको छ। आज पनि सङ्घीयता संविधानमा सीमित छ र सङ्घको वर्चस्व कार्यान्वयनमा छ। कोरोना महामारीको बेला भीड जुटाएर भए पनि राजस्व अनुमानभन्दा बढी सङ्कलन भइरहेको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारको बजेट वृद्धि भएको छ। कोरोना महामारीमा पनि आम मानिसले एक अर्कालाई सक्दो सहयोग गरिरहेका छन् तर पनि हालसम्म वर्तमान सरकार वा स्थानीय सरकारले भाषण बाहेक आफ्नो नागरिकलाई खोपको सुरक्षा प्रदान गर्न नसकेको सबै सामु छर्लङ्ग छ।

अर्कोतिर वैशाखदेखि विद्यालयहरू बन्द छन्। विद्यालयहरू कहिले खुल्ने अन्योल नै छ। विद्यालय बन्द हुनुको कारण हाम्रो खुला सिमाना, भीडभाड गर्ने प्रवृत्ति र कोरोनालाई देखाइएको छ। सीमा अहिले पनि बन्द छ तर आवतजावतमा कुनै कमी देखिएको छैन। जिल्ला प्रशासन कार्यालय, मालपोत, यातायात र महानगरपालिको कार्यालय समेतले भीड नियन्त्रण गर्न नसकेको अवस्था छ। लामो दूरीको सवारीसाधन बन्द छ तर निर्बाधरूपले बढी भाडा लिई चलि नै रहेको छ। जे बन्द भनिएको छ त्यो कागजमा मात्रै बन्द छ। भीडभाड गर्न निषेध छ तर दिनहुँ बाजारमा भीड भइरहेको छ। वीरगंजको सन्दर्भमा कोरोनाबाट ग्रसित हुनेहरूको सङ्ख्या निकै कम छ। मास्कको अनिवार्यता कायमै रहे पनि धेरैले मास्क लगाउन छोडिसकेका छन्। त्यसैगरी विद्यालयहरू बन्द छन् तर धेरै विद्यालय लुकीछिपी चलि नै रहेका छन्। प्रशासन र सम्बन्धित निकाय किन मौन छ ?

गाउँदेखि सदरमुकामसम्म आवतजावतमा कुनै रोक छैन। विद्यालयमा पढ्ने केटाकेटीहरू पनि दिनभरि सडकमा भौंतारिरहेका छन्। अभिभावकहरूले पनि उनीहरूलाई नियन्त्रण गर्न सकिरहेका छैनन्। बुवाहरू हातमुख जोड्ने समस्यामैं व्यस्त छन् र आमासँग घरेलु कामको बोझ छ। यस परिवेशमा बिचरा विद्यार्थीहरूले के गर्ने, किनभने विद्यालय त बन्द छ। के विद्यार्थीहरू घरमा सुरक्षित छन् ? छेउकै बारा जिल्लामा विद्यालयहरू खुलिसकेको छ। त्यहाँका विद्यार्थीहरू पढ्न व्यस्त छन् र पर्साका धेरैजसो विद्यार्थीहरू जोसँग अनलाइन पढ्ने साधन छैन घुम्नमा मस्त छन्। यति मात्र कहाँ हो र, सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा पढ्ने कतिपय विद्यार्थीहरू पनि अनलाइन शिक्षा लिइरहेका छन् तर नेपाली माध्यममा पढ्ने विद्यार्थी टुलुटुलु हेरिरहेका छन्। हामी यो के सिकाइरहेका छौं ? संस्थागत विद्यालय जो आफूलाई उच्च श्रेणीका विद्यालय भन्छन्, उनीहरूमध्ये पनि धेरैले लुकीछिपी विद्यालय पोशाकबेगर कक्षा सञ्चालन गरेका छन्। उनीहरूले पनि विद्यार्थीहरूलाई के सिकाइरहेका छन् ?

यी यस्ता गम्भीर प्रश्नहरू हुन् जसको जवाफ खोज्नु सबैको लागि आवश्यक छ। संविधान र कानूनभन्दा माथि कोही छैन। यस परिस्थितिमा यदि विद्यालयले कानूनको पालना र त्यसको सम्मान गर्दैन भने ससाना बालबालिकाहरूले के सिक्छन् भन्ने कुरा सोचनीय र मननीय छ। सार्वजनिक ठाउँमा हुने भीडभाडबाट केटाकेटीहरूले के सिक्छन् ? प्रशासनको यस्तो लाचारीबाट के सिक्छन् ? महानगरपालिकामा भइरहेको भ्रष्टाचारबाट केटाकेटीहरूले के सिक्छन् ? यी यावत यस्ता कुरा हुन् जसमाथि खुला बहस हुनु आवश्यक छ।

यस्ता कुराले विद्यार्थीहरूलाई सकारात्मक बाटोतिर नलागी नकारात्मक बाटोमा हिंड्न प्रेरित गर्छ। उनीहरूभित्र पनि उच्छृङ्खलता उत्पन्न हुन्छ। उनीहरू पनि ठूलो भएपछि त्यही गर्छन् जो उनले आफूभन्दा ठूलाले गरेको देखेका छन्। यसमा बेलैमा बिराम लगाउन जरूरी छ किनभने आजको बालबालिकाहरू नै भोलि देशको भविष्य बन्नेछन्। आज हामी सबैले आत्म–मूल्याङ्कन गरी आफ्नो व्यवहारमा परिवर्तन ल्याउनु आवश्यक छ। यदि हामी आफ्ना सन्तानको भविष्यको लागि चिन्तित छौं भने एकपटक यस कुरोलाई पनि गहनतापूर्वक विचार गर्नु आवश्यक छ।

ध्यान दिनुपर्ने अर्को कुरा के हो भने विद्यार्थीहरू घरभन्दा बढी सुरक्षित विद्यालयमा हुन्छन् किनभने त्यहाँ स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरिन्छ र गराइन्छ। यद्यपि यस्तो गर्ने विद्यालय गत वर्ष थोरै भेटिएका थिए। अधिकांश विद्यालयले स्वास्थ्य मापदण्ड पालना हुन नसकेको कारणहरूमा सम्बन्धित निकायले चाहिएजति सहयोग नगरेको, अर्थको अभाव, केहीले फी नउठेको, केहीले साधनस्रोत नभएको बताएका थिए। यस कारणले पनि हुन सक्छ विद्यालय हालसम्म खुलेको छैन। अनलाइन कक्षा सञ्चालनमा कुनै अवरोध पुऱ्याइएको छैन तर यो अधिकांशको पहुँचमा छैन। कतिले त चाहेर पनि आर्थिक अभावले गर्दा अनलाइन शिक्षा लिन सकिरहेका छैनन्।

आजका बालबालिकाले नै भोलिको देश बनाउने हो। उनीहरूमाथि नै नेपालको भविष्य निर्भर छ। आज उनीहरूले जे सिक्छन् भोलि त्यही गर्ने हो। यस अर्थमा उनीहरूको भविष्य निर्माण गर्ने जिम्मेवारी शिक्षकहरूको काँधमा भएको हुनाले सबैभन्दा पहिले शिक्षकहरूलाई खोपको सुरक्षा प्रदान गर्नुपर्ने हो, तर जति गुहार लगाउँदा पनि, भाषणबाहेक यस गम्भीर विषयमा ध्यान दिइएको छैन। भाषण र निर्देशन मात्र दिएर केटाकेटीहरूलाई जोगाउन सकिंदैन। उनीहरूलाई जोगाउन सबैले आफ्नो व्यवहारमा परिवर्तन र नीतिगत कार्यान्वयनमा ध्यान दिनुपर्छ, किनभने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दिनहुँ सबैलाई सचेत तथा संवेदनशील हुन अनुरोध गरिराख्दा पनि हामी सचेत हुन सकिरहेका छैनौं।

आज तमाम कार्य–व्यापार खुला भइसक्दा पनि विद्यालय नखोल्नुको कुनै अर्थ रहँदैन। उत्सुक विद्यार्थीहरूलाई घरमैं कैद गर्नु न्यायसङ्गत पनि होइन। संविधान प्रदत्त बाल अधिकार खोस्नु उचित पनि हैन। उनीहरूले हामीले के गरिराखेका छौं भन्ने कुरो गम्भीरतापूर्वक हेरिरहेका छन्, सुनिरहेका छन् र सिकि पनि रहेका छन्। यस स्थितिमा यदि हामीले उनीहरूलाई सकारात्मक दिशा प्रदान गर्न सकेनौं भने देश कहिल्यै उँभो लाग्ने छैन। दिगो विकास भनेको आउने सन्ततिको भविष्यलाई ध्यानमा राखेर गरिने विकास हो। तसर्थ कुनै पनि निर्णय लिंदा सबैभन्दा पहिले उनीहरूको भविष्यको ख्याल गर्नुपर्छ। यदि विद्यालय खुल्छ भने उनीहरू सजिलै जोगिन्छन्। हो, विद्यालय खोल्नुपूर्व सरोकार पक्षलाई राखेर व्यापक बहस गरी सोही अनुसार तयारी गर्नुपर्छ। यसमा हेलचेक्र्याइँ हुनुहुँदैन।

विद्यालयसँग लाखौं शिक्षक–कर्मचारीको भविष्य जोडिएको छ। सामुदायिक विद्यालयमा काम गर्ने शिक्षक–कर्मचारीलाई सरकारले लकडाउन अवधिको तलब दिएकै छ तर संस्थागत विद्यालयमा काम गर्ने शिक्षक कर्मचारीले हालसम्म तलब नपाएको अवस्था छ किनभने अपवादबाहेक अभिभावकले विद्यालयको शुल्क तिरेका छैनन्। कतिपय सङ्गठन लकडाउन अवधिको शुल्क नलिन आन्दोलनरत छन्। यस परिवेशमा गत वर्षझैं यसपटक पनि शिक्षक–कर्मचारीहरूले तलब पाउँछन् कि पाउँदैनन् अन्योल छ। केन्द्र र स्थानीय सरकारले यसतर्फ विशेष ध्यान दिनुपर्ने हुन्छ किनभने संस्थागत विद्यालयका शिक्षक–कर्मचारीहरू पनि यसै देशका नागरिक हुन् र यस देशको भविष्य उनीहरूले पनि निर्माण गरिराखेका छन्।

आज कोरोना महामारीसँगै विद्यार्थीहरूको भविष्य जोगाउनु सबैभन्दा बढी आवश्यक छ। विकल्पहरू पनि छन् तर जबसम्म शिक्षा सबैको प्राथमिकताको विषय बन्दैन, तबसम्म कुनै पनि विकल्प काम लाग्दैन। यसतर्फ शिक्षा नीति निर्माताहरूले विशेष ध्यान दिनैपर्छ। हामी सबैले आआफ्नो स्वार्थ त्यागेर गम्भीर भई यसबारे सोच्नैपर्छ अनि मात्र राष्ट्रको भविष्य, केटाकेटीहरूलाई जोगाउन सकिन्छ। ध्यान दिनुपर्ने कुरो के हो भने हामीले गर्ने हरेक क्रियाकलापबाट केटाकेटीहरूले प्रत्यक्ष–अप्रत्यक्ष धेरै कुरा सिकिरहेका छन् र सोही अनुरूप आफ्नो चरित्र पनि निर्माण गरिरहेका छन्। तसर्थ ध्यान दिनुपर्ने कुरो के हो भने हामी उनीहरूलाई के सिकाइरहेका छौं ?

# महोत्तरीमा सर्पको बिगबिगी

महोत्तरी, १७ साउन/रासस

सघन वर्षापछि केही दिनयता चर्को घाम लाग्ने र छिनछिनमा पानी पर्ने क्रमसँगै महोत्तरी जिल्लाको उत्तरी क्षेत्रमा सर्पको बिगबिगी निकै बढेको छ। बर्खाकालमा पानीले दुला भरिएपछि बाहिर निस्केका सर्पको अहिले बिगबिगी बढेको हो। बर्दिबास–३ गौरीडाँडास्थित सर्पदंश उपचार केन्द्रमा अहिले सर्पदंशको उपचार लिन आउने दिनदिनै बढेका छन्।

साउनको मध्यभित्रै सर्पदंशका ५३ घटना उपचारका लागि आएका सर्पदंश उपचार केन्द्र बर्दिबास–३ गौरीडाँडाले जनाएको छ। तीमध्ये विषालु सर्पले टोकेका १५ घटनाको उपचार गरिएको केन्द्रका उपचार प्राविधिक टोलीका नेता इन्द्रबहादुर केसीले बताए। केन्द्रमा अहिले चारजना उपचाररत छन्। गत वर्ष पूरै साउनमा ४० सर्पदंशका घटना भएका थिए। यसै साउनको पहिलो सातामा गौरीडाँडामैं एक १५ वर्षीय किशोरको सर्पदंशले मृत्यु भएको छ। केन्द्रमा अहिले



तस्वीर: सौजन्य

दिनहुँ उपचारपछि घर फर्कने र उपचार लिन आउने बाक्लै छन्।

असार मध्ययता र साउन पहिलो सातासम्म पटक–पटकको मुसलधारे वर्षाले सर्प बस्ने दुला पानीले भरिएपछि यस भेगमा सर्पको बिगबिगी बढेको हो। सर्पदंशका बिरामी उपचार गर्न आएमध्ये अत्यन्त विषालु गोमन र करेतले डसेका १५ जनाको सफल उपचार भएको केन्द्रका अध्यक्ष कृष्ण देवकोटा बताउँछन्। अन्य भने भाइपर (विष नलाग्ने सर्पको एक प्रजाति), बिच्छी र खजुराले टोकेको पुष्टि भएको उनको भनाइ छ। सर्पदंशका घटनामा ६० प्रतिशत महिला पर्ने गरेका छन्। घाँसपातको काम गर्दा र घरघरै शौचालय नहुँदा अँध्यारोमा दिसापिसाब गर्न बाहिर निस्कँदा मधेसमा सर्पदंशका घटनामा महिला बढी पर्ने गरेको देवकोटा बताउँछन्।

बर्दिबास–१, २, ३, ४ र १४ सर्पको 'खानी' नै भएको यहाँको आम जनबोलीमा पाइन्छ। त्यसैगरी, जिल्लाका गौशाला, औरही र भङ्गाहा नगरपालिका क्षेत्र सर्पदंशका घटना बाक्लै हुने ठाउँमा पर्ने देवकोटाको भनाइ छ। सर्पले टोकेका बिरामी बर्दिबासबाहेक अन्यत्र पनि उपचार लिन जाने हुँदा आफ्नो केन्द्रमा दर्ता भएभन्दा निकै बढी घटना हुने गरेको

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# अर्थतन्त्र र आणविक सम्झौता

# नवनिर्वाचित इरानी राष्ट्रपतिको एजेन्डा

तेहरान, १७ साउन/एएफपी

इरानको कट्टरपन्थी समूहको प्रतिनिधित्व गर्दै राष्ट्रपतिमा निर्वाचित एब्राहिम रायसीले यसै हप्ता इस्लामिक गणतन्त्रको नयाँ राष्ट्रपतिका रूपमा शपथ खाँदै छन्। गहिरो अमेरिकी प्रतिबन्धको सामना गरिरहेको र आर्थिक सङ्कटमा परेको इरानका लागि आगामी दिन चुनौतीपूर्ण रहेको छ।

इरानका लागि ऐतिहासिक उपलब्धि मानिएको इरान र छ विश्वशक्ति राष्ट्रहरूबीच २०१५ को आणविक सम्झौता गरेका मध्यमार्गी राष्ट्रपति हसन रौहानीलाई विस्थापित गर्दै राष्ट्रपतिमा निर्वाचित ६० वर्षीय रायसीले अमेरिकाले एकतर्फीरूपमा फिर्ता लिएको सम्झौतालाई पुनर्जीवन दिने उद्देश्यले हाल जारी आणविक वार्ताको सामना गर्नुपर्नेछ।

इस्लामिक गणतन्त्रका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीले मङ्गलवार संसद्को आह्वान गरेको दुई दिनपछि रायसीले संसद्समक्ष शपथ लिनेछन्। धेरै राजनीतिक 'हेभिवेट'लाई निर्वाचन लड्न रोक लगाइएपछि र आधाभन्दा बढी मतदाताहरू महामारी र असन्तुष्टिका कारण मतदानमा सहभागिता नजनाएपछि उनी जूनमा भएको निर्वाचनमा विजय बनेका थिए।

न्यायपालिकाका पूर्वप्रमुख रायसीले मानव अधिकार उल्लङ्घन गरेको आरोपमा पश्चिमी मुलुकहरूबाट उनको ब्रगेल्ती आलोचना भएका छन्। अमेरिकी प्रतिबन्ध, भ्रष्टाचार र प्रतिबन्धका कारण चर्किएको इरानको आर्थिक समस्या नयाँ राष्ट्रपतिको सबैभन्दा ठूलो चुनौती हुने इटालीस्थित युरोपियन युनिभर्सिटी इन्स्टिच्युटका अनुसन्धानकर्ता क्लेमेन्ट थर्मीको विश्लेषण रहेको छ।

थर्मीले भने, "उहाँको मुख्य उद्देश्य छिमेकी देशहरूसँग इस्लामिक गणतन्त्रको आर्थिक सम्बन्धलाई सुदृढ गरेर आर्थिक स्थितिमा सुधार गर्नु हो। साथै इरानको आर्थिक वृद्धिलाई अमेरिकी नीति र निर्णयबाट जोगाउने व्यापार मोडल निर्माण गर्ने लक्ष्य उहाँको हुनेछ।"

थर्मीको विचारमा राइसीको मुख्य प्राथमिकता 'अमेरिकी प्रतिबन्ध हटाउनु' र इरानले आफ्ना छिमेकीहरू र चीन र रूस जस्ता गैरपश्चिमी देशहरूसँग व्यापार बढाउनुहुनेछ। सन् २०१५ को सम्झौतामा इरानले प्रतिबन्ध कम गर्ने बदलामा आफ्नो आणविक क्षमतामा रोक लगाएको देखियो।

तर तीन वर्षपछि अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प एकतर्फीरूपमा सो सम्झौताबाट पछि हटे र फेरि प्रतिबन्धहरू चर्काए, जसले तेहरानलाई आफ्ना अधिकांश आणविक प्रतिबद्धताबाट पछि हट्न प्रेरित गऱ्यो। ट्रम्पका उत्तराधिकारी जो बाइडेनले सम्झौतामा फर्कन तत्पर रहेको र सम्झौताका पक्षहरू बेलायत, चीन, फ्रान्स, जर्मनी र रूससँग औपचारिक वार्तासँगै इरानसँग अप्रत्यक्ष वार्तामा संलग्न भएको सङ्केत दिएका छन्।

**आर्थिक सङ्कट**

अमेरिकी प्रतिबन्ध, जसमा इरानको तेल निर्यात रोक्ने प्रयास पनि समावेश थियो, ले इरानलाई आर्थिकरूपमा निसासिने बनाएको छ। इरानमा सन् २०१८ र २०१९ दुवैमा अर्थव्यवस्था छ प्रतिशतभन्दा बढीले घटेको थियो।

अर्थव्यवस्थालाई उदार बनाउने र निजी क्षेत्रको विकास गर्ने आशा गरेका रौहानीको लागि यो एउटा प्रहार थियो। सन् २०१७/१८ को हिउँदमा र फेरि सन् २०१९ मा आर्थिक सङ्कटको कारण सडक विरोध प्रदर्शनले देश र यहाँका शासकलाई नै थर्कमान पारेको थियो।

यस वर्षको जुलाईमा खडेरीले ग्रस्त तेल सम्पन्न खुजेस्तान प्रान्तका प्रदर्शनकारीहरू आफ्नो रिस पोख्न सडकमा उत्रिए। कोरोना भाइरस महामारीले गर्दा आर्थिक सङ्कट झनै चर्किएको छ। धेरै इरानी यसको सामना गर्न सङ्घर्ष गरिरहेका छन्।

इरानी सुधारवादी अर्थशास्त्री सईद लेलाजले पश्चिमतर्फको आफ्नो दृष्टिकोणमा निवर्तमान राष्ट्रपति 'आदर्शवादी' भएको बताएका छन्।

इरानी राष्ट्रपतिहरूका सल्लाहकारको रूपमा कार्य गरेका लेलाजले भने, "रौहानीले देशका सबै समस्या चाँडै समाधान गर्न सक्ने विश्वास गरेका थिए। तर परिस्थिति फरक बन्न पुग्यो।" रायसीले अर्कै बाटो रोज्ने लेलाजको विश्वास छ। आफ्नो निर्वाचनपछि रायसीले आफ्नो प्रमुख विदेश नीति क्षेत्रीय देशहरूसँगको सम्बन्ध सुधार गर्ने रहेको स्पष्ट पारेका देखिएको छ।

जुलाईको मध्यतिर रौहानीले आफ्ना उत्तराधिकारीले अमेरिकी प्रतिबन्ध हटाएर आणविक वार्ता समाप्त गर्न सम्झौता गर्न सक्छन् भन्ने आशा गरेको पाइन्थ्यो। तर मङ्गलवार रायसीको राष्ट्रपतीय कार्यकालको उद्घाटनको अध्यक्षता गर्ने र नीतिगत मामिलामा उनको शब्द नै निर्णायक हुने सर्वोच्च नेता खामेनीले पश्चिमाहरूलाई विश्वास नगर्न चेतावनी दिएका छन्। यसले राष्ट्रपति र सर्वोच्च नेताबीच टकराव पनि निम्त्याउने देखिएको छ। यद्यपि दुवैको बाटो कट्टर राष्ट्रवादी भएकोले यसलाई मिलाएर जानेछन् भन्ने विश्वास इरानीहरूको छ।

**आणविक वार्ता**

रायसी आफैंले आणविक सम्झौताका लागि अन्य पक्षसँग र अप्रत्यक्षरूपमा अमेरिकासँग वार्ता गर्न नहुने बताइसकेका छन्। यसबाट प्रस्ट हुन्छ कि उनले वार्ता देखाउनका लागि मात्रै गर्नेछन्। नयाँ सरकारले 'राष्ट्रिय हितको सुनिश्चितता' सहितको वार्तालाई समर्थन गर्नेछ भनिएको छ। अप्रिल र जूनबीच भियनामा इरान र विश्वका शक्ति राष्ट्रहरूबीच छ चरणमा आणविक वार्ता भएको थियो। अन्तिम चरण जून २० मा समाप्त भयो र अर्कोको लागि कुनै मिति तोकिएको छैन।

अब सम्भवतः रायसीले पद ग्रहण नगरेसम्म कुनै नयाँ वार्ता हुनेछैन भन्ने धारणा तेहरानका अधिकारीहरूले राखेका छन्।

थर्मीका अनुसार अति रूढिवादी समूहले संयुक्त राज्य अमेरिकालाई गहिरो अविश्वास गर्ने तेहरानको नयाँ प्रशासनलाई कुनै पनि कुरामा दबाउन चाहनेछैन।

तेहरानमा 'अमेरिकी पक्षलाई तुरुन्त सम्झौता गर्न कुनै विलम्ब भएको छ' भन्ने तर्क व्याप्त रहेको थर्मीको बुझाइ छ। "नयाँ सरकारले पहिलेको भन्दा राम्रो सौदालाई जोड्न सक्छ भनी देखाउन पनि चाहन्छ," थर्मीले थपे।

लेलाजका अनुसार आणविक सम्झौताको भविष्य विश्व अर्थतन्त्रको भाग्यलाई असर गर्ने एउटा कारण हुनेछ। उनले भने, "यदि इरानले वार्ता नगर्ने आफ्नो अभिप्राय घोषणा गरेमा प्रतिबन्धहरू जारी रहनेछन्।" तर उनले वाशिङ्टन र तेहरानले सम्झौता गरून् भन्ने पनि आशा गर्छन्। "इरान र संयुक्त राज्य अमेरिकाले यही अवस्थालाई जारी राख्न राम्रो भने पक्कै हुनेछैन," लेलाजले भने। रासस




# "श्री गुरु हरक्रिशनजी धियाइये, जिस डिढे सब दुख जाए"

श्री गुरु हरक्रिशनजी महाराजको पावन प्रकाश उत्सवमा (जन्मोत्सव)



साधसङ्गतहरूलाई लाख लाख बधाई तथा शुभकामना ! गुरुजीको कृपाले निरोगिता तथा सुखशान्ति आओस् ! उनको बारेमा भनिन्छ–

"श्री हरक्रिशनजी धियाइए जिस डिढे सब दुख जाए" अर्थात् उनको दर्शन, ध्यान गर्नाले सबै दुःखको नाश हुन्छ।

श्री गुरु हरक्रिशन सिख पन्थका आठौं गुरु हुन्, पिता श्री गुरु हरराय तथा माता कृष्ण कौर हुन्, उनको जन्म श्रावण वदी १० विक्रम संवत् १७१३ (जुलाई ७, १६५६) मा भएको थियो। उनी ज्यादै सुन्दर भएकाले दर्शन गर्ने सबै अति प्रसन्न हुने गर्दथे। गुरुपिता हररायलाई सेवा गरेको देखेर उनले पनि लङ्गरमा (निश्शुल्क भोजन) आएर सङ्गतलाई भोजन पस्किने सेवा गर्थे। सानै आयुमा उनमा पाका ज्येष्ठ व्यक्ति जस्तै सहजता, दया तथा सुझ थियो। उनको बाल्यकाल गुरुघरमा सेवा सिमरनमा धेरै राम्रो व्यतीत भयो।

श्री गुरु हरक्रिशनको जन्मको समयमा गुरुघरको दिल्ली दरबारसित असल सम्बन्ध थियो। गुरुघरमा सबैलाई एक नजरले हेरिन्थ्यो चाहे कोही फकीर होस् चाहे कोही राजा। एकपटक शाहजहाँका घनिष्ठ पुत्र दारा शिकोहलाई भयानक रोगले ग्रस्त बनायो। शाहजहाँले धेरै वैद्य हकीम बोलाए तर दारालाई स्वास्थ्य लाभ भएन, तब शाहजहाँले गुरुघरसित मदत मागे। त्यस समय गुरु हररायले जडीबुटीहरू पठाए, त्यसले दारा स्वस्थ भयो। केही समयपछि शाहजहाँको मृत्यु भएको मानेर उनको पुत्र औरङ्गजेबले दारामाथि दिल्लीमा हमला गरिदियो। दाराको फौजी ताकत कम हुनुका कारण उसको हार भयो र ऊ आफ्नो ज्यान बचाएर पञ्जाब आयो। उता शाहजहाँलाई औरङ्गजेबले जीवित देखेर कैदी बनायो। औरङ्गजेब धेरै कट्टर स्वभावको शासक थियो। शाहजहाँका सबै नातेदारलाई औरङ्गजेबले आफ्नो कट्टर दुश्मन मान्दथ्यो। गुरुघरको दिन प्रतिदिन बढ्दै गएको लोकप्रियताले औरङ्गजेब धेरै डाह गर्दथ्यो। यस्तोमा गुरुघरका केही विरोधी गुरुघरविरुद्ध गुनासो गर्नमा व्यस्त थिए।

गुरुघरसित औरङ्गजेबको सम्बन्ध खराब हुने धेरै कारण थिए। गुरु हररायले आफ्ना जेठा छोरा रामरायलाई जब दिल्ली औरङ्गजेबको निमन्त्रणमा पठाए, तब उनले गुरुघरको मर्यादा बिर्सेर करामात देखाउन थाले। गुरुवाणीका केही पङ्क्तिलाई परिवर्तन गर्न थाले। जब यी सब कुरा गुरु साहेबलाई जानकारी भयो, तब उनले रामरायलाई भने अब यहाँ आउने कुनै आवश्यकता छैन। धीरमलको गुनासोले बलेको आगोमा घ्यूको काम गऱ्यो। रामरायको यस्तै बानी र क्रियाकलापका कारण गुरु साहेबले उपरान्त उससँग मुख लगाएनन्। उपरान्त गुरु साहेबले गुरुता आफ्नो सानो पुत्र अर्थात् श्री गुरु हरक्रिशन साहेबलाई सुम्पिए। गुरु हरराय सन् ६/१०/१६६१ मा ज्योतिजोत (परलोक)मा समाए। त्यस समय श्री गुरु हरक्रिशन साहेबको उमेर ५ वर्ष ३ महीनाको थियो। उनले आफ्नो सुझबुझले तीन वर्षसम्म सिख पन्थ तथा समाजको अगुवाइ गरे। उनले आफ्ना गुरु पिताजीको जस्तै गुरुघरको मर्यादालाई चलाए।

श्री हरक्रिशन कार्तिक ८, १७१८ को दिन ५ वर्ष ३ महीनाको सानै उमेरमा गुरु भए। गुरुमा अपार शक्ति थियो उनले दीन, दुःखी, रोगी तथा कुष्ठ रोगीहरूसँग धेरै आत्मीयता साथ व्यवहार गरेर तिनीहरूलाई निरोग पार्दै थिए। गुरुको आयु सानो भएको कारण धेरैजसो गुरुघरका दोषीहरूले गलत प्रचार गर्न थाले। तर जसले सङ्गतको रूपमा गुरुको दर्शन गर्थे, तिनीहरू गुरुकै भइहाल्थे। दिन प्रतिदिन सङ्गत दुई दुगुना चार चौगुना हुन थाल्यो। गुरुको साथ बाइस सय घोडसवार हरसमय मौजुद रहन्थे। गुरुविरुद्ध औरङ्गजेबनिर गुनासो पुग्यो। तर त्यसको गुरु साहेबमाथि कुनै प्रकारको प्रभाव परेन। गुरु साहेबनिर जसवन्त राय, गेंदामल, भाइ सन्तरामजी, भाइ सदामल, भाइ रामलाल, रोपड निवासीकै फकीर नूरउद्दीन, माला शेख, मुहम्मद बख्श, नवा शहरबाट भाइ सङ्गतीआ, भाइ पञ्जाबा, भाइ भीमचन्द, भाइ शाहीराम, भाइ विश्वम्भर दियाल, भाइ महेश सजन, भाइ गजन, भाइ रामा, भाइ काहना गुरुको दर्शन गरी तृप्त भए।

औरङ्गजेबले गुरु साहेबको बारेमा सुनेर भेट्ने इच्छाले धेरैपल्ट दिल्ली आउनको लागि आग्रह गरेर पत्र पठाए। सो कार्यको लागि राजा जय सिंहलाई पठाए, राजा जय सिंहले गुरु साहेबलाई ल्याउन मन्त्री, रथ, सेना र घोडाहरू कीरतपुर पठाए। गुरु साहेबलाई सुनका मोहरहरू चढाएर दर्शन गरेर बादशाहको पत्र दिए। उनले आग्रह स्वीकार गरे। गुरु साहेब कीरतपुरबाट प्रस्थान गर्ने बेलामा त्यहाँका मानिसहरूले धेरै दुःख मनाउ गरेका थिए। उनले बाटोभरिका सङ्गतहरूलाई आदर र माया साथ भेट्दै धर्मको प्रचार गर्दै हिंडेका थिए।

गुरु साहेब कुरुक्षेत्र पुगेर धेरै सङ्गतलाई दर्शन र उपदेश दिए। त्यहाँ लालचन्द नाम भएको विद्वान् पण्डित गुरु साहेबकहाँ आएर धेरै प्रश्न गर्ने गरे। पण्डितजी धेरै घमण्डी थिए, गुरु साहेबलाई गीताको अर्थ बताउन भने तब गुरु साहेबले गीताको अर्थ हाम्रो छज्जुले बताउँछ भने। सबै अचम्मित भए। छज्जु नाम गरेको एकजना राम्रोसित बोल्न नसक्ने भकभकाउने मानिस थियो। गुरु साहेबले छज्जुको टाउकोमा आफ्नो हातमा रहेको छडीले छोएर गीताको अर्थ भन्न लगाए, त्यो सुनेर राजा जय सिंह, लालचन्द र सङ्गतहरू छक्क परे। गुरु साहेबले घमण्ड कहिले पनि गर्नुहुँदैन भने। यो सुनेर लालचन्द लज्जित हुँदै गुरु साहेबसित माफी मागे। त्यसपछि उनीहरू दिल्ली लागे, दिल्लीका साधसङ्गतले गुरु साहेबको धूमधामसाथ स्वागत गरे, राजा जय सिंहले उनलाई आफ्नो सुन्दर महलमा बसाए। यो पवित्र ठाउँ आजभोलि 'बङ्गला साहेब गुरुद्वारा साहेब'को नामले दिल्ली कनाट प्लेसमा शोभायमान छ। त्यस बखत दिल्ली र आसपासका क्षेत्रमा महामारी फैलिएको थियो। त्यसले धेरैजनालाई रोगी बनाइ महाप्रकोपको रूप लिंदै थियो। उनले धेरै सङ्गतलाई निरोग गरी स्वस्थ पारेका थिए। जीवनदान दिएका थिए। गुरु साहेबले आफ्नो शक्तिले त्यस ठाउँमा एउटा जलको स्रोत पनि निकाले। त्यस अमृत जललाई पिएर धेरैजना स्वस्थ तथा निरोग भए। आज पनि त्यो परम्परा र विश्वासले टाढा-टाढाबाट आएर सङ्गतहरूले श्रद्धाका साथ जलसेवन गर्छन्। घरपरिवारमा लैजान्छन्। हजारौंको सङ्ख्यामा श्रद्धालु, भक्तालु तथा दयालुहरू बिहानैदेखि सेवा गर्न शब्द कीर्तन, कडाह प्रसाद (घ्यू, पीठो तथा चिनीको हलुवा) लङ्गर प्रसाद (निश्शुल्क भोजन)का साथै गुरु साहेबको आशीर्वाद प्राप्त गर्न आउने गर्दछन्। उनलाई बालगुरु बाला प्रीतम पनि भनिन्छ। उनको बारेमा भनिन्छ–

"श्री हरिकिशनजी धियाइए जिस डिढे सब दुख जाए" अर्थात् उनको दर्शन, ध्यान गर्नाले सबै दुःखको नाश हुन्छ। उनले आफ्नो निवास जमुना नदीको किनारमा बनाए। उनी वैशाख ३, १७२१ (मार्च ३०, १६६४)का दिनमा ज्योति जोत (परलोक) भए। त्यो पवित्र ठाउँ "बाला साहेब"को नामले प्रसिद्ध छ। उनी सिख पन्थको सबैभन्दा साना उमेरका गुरु थिए। उनी ५ वर्ष ३ महीनाको उमेरमा गुरु भई ३ वर्ष गुरु रहे। यसले प्रमाणित गर्छ कि गुरुता तथा बौद्धिकता सानैदेखि प्राप्त हुन सक्छ।

राजा जय सिंहको भव्य दरबारमा बालगुरु बाला प्रीतम साहेब हरक्रिशन महाराजको आगमन तथा बसाइले संसारका धेरैको लागि एउटा आधुनिक पावन पवित्र आस्थाको केन्द्र बनेको छ। सामान्य दिनमा पनि हजारौंका सङ्ख्यामा श्रद्धालु भक्तालुहरूले गुरुवाणी कीर्तन, लङ्गर प्रसाद तथा पवित्र जलको सेवाले आफ्नो जीवनलाई सफल बनाइरहेका छन्। त्यसबाहेक कुनै पनि प्राकृतिक प्रकोप, आपदाविपदाको बखतमा दिल्लीलगायत आसपासका क्षेत्रमा विभिन्न प्रकारका मानव सेवा जुटाउँदै आएको छ। खासगरी कोभिड-१९ महामारीको दौरानमा करोड होइन करोडौंको सङ्ख्यामा त्यस स्थानलगायत वरिपरिका धेरै स्थानमा लङ्गर प्रसादको सेवा घरदैलो, बाटोघाटो, कोभिड सङ्क्रमित तथा सर्वसाधारणसम्म वितरण गरियो। साथै यो गुरुद्वारा साहेबमा केही अगाडि विश्वको सबैभन्दा अत्याधुनिक डायलोसिस मेशिन राखेर बिरामीहरूलाई निश्शुल्क उच्चस्तरीय डायलोसिस सेवा जारी नै छ। यसको लागि कुनै शुल्क, कुनै पुर्जी, कुनै काउन्टर छैन, साथै विभिन्न औषधि वितरण पनि शुरू गरिएको छ। त्यहाँ बजारको तुलनामा बीस प्रतिशतदेखि असी प्रतिशतसम्म सस्तो दरमा औषधि उपलब्ध भइरहेको छ। निश्शुल्क चिकित्सक सेवा, एम्बुलेन्स सेवा, कोभिडको दोस्रो लहरको बखतमा प्राणवायु (अक्सिजन)को हाहाकार हुँदा निश्शुल्क अक्सिजन तथा सबै सुविधायुक्त आइसोलेशन वार्ड १०० शय्याबाट शुरू गरी ४००-५०० शय्यासम्मको अत्याधुनिक अन्य आवश्यक साधनस्रोतको साथ तत्काल शुरू गरियो। योलगायत अन्य पनि विभिन्न मानवीय सेवा त्यहाँ निरन्तर जारी छ। अन्य सेवाहरू पनि थपिंदै छन्। गुरु महाराजको कृपाले उनको चरण परेको यस स्थानमा कुनै पनि समस्या तथा दुःखले पुग्ने गरेका श्रद्धालु, भक्तहरूको दुःख-कष्ट निश्शुल्क वा न्यूनतम रकममा विभिन्नखाले खाने, बस्ने, औषधोपचार सेवा निरन्तर जारी छ। यो गुरुको असीम कृपा आशिषबाट नै सम्भव भएको छ।

यसपालि यो पावन प्रकाश उत्सव (जन्मोत्सव) १८ श्रावण सोमवार, २ अगस्त २०२१ को दिन परेको छ। उनको पवित्र प्रकाश पर्वमा उनलाइ कोटिकोटि नमन।

**मन्तव्य**



जसपाल सिंह

**गुरु साहेबले आफ्नो शक्तिले त्यस ठाउँमा एउटा जलको स्रोत पनि निकाले। त्यस अमृत जललाई पिएर धेरैजना स्वस्थ तथा निरोग भए। आज पनि त्यो परम्परा र विश्वासले टाढा-टाढाबाट आएर सङ्गतहरूले श्रद्धाका साथ जलसेवन गर्छन्।**

## ठोरी गापाको गाउँसभा.....

मासिक रु २ हजार वृद्धि गरेको छ।

यस्तै, उपाध्यक्ष थिङले आगामी आर्थिक वर्षमा सीता गुफामा मूर्ति स्थापना र अन्य व्यवस्थापनका लागि रु १५ लाख, बाघमोर्चा मन्दिरवरपर पार्क निर्माण तथा मूर्ति खरीदका लागि रु १५ लाख, शववाहन खरीदका लागि रु १५ लाख, ठोरी गापा-३ मा आइटी कलेज स्थापनाका लागि रु २ करोड ४९ लाख, इच्छानगर जाने बाटोमा ठुटेखोला, सालघारी र ढेडुखोलामा झोलुङ्गे पुल स्थापनाका लागि रु ३६ लाख, पालिकाभित्रका विभिन्न ठाउँमा निश्शुल्क वाइफाईका लागि रु १० लाख बजेट प्रस्तुत गरेकी थिइन्।

सभामा प्रस्तुत विनियोजन विधेयक सर्वसम्मतिले पारित भएको अध्यक्ष श्रेष्ठले बताए।

## महोत्तरीमा सर्प.....

देवकोटा बताउँछन्।

विसं २०७१ साउन ३१ गते स्थापना भई सञ्चालनमा आएको सर्पदंश उपचार केन्द्र बर्दिबास-३ मा यसको व्यवस्थापन गर्ने समुदायस्तरको सञ्चालक समिति र उपचारमा खटिने नेपाली सेनाका दक्ष छजना प्राविधिक कार्यरत छन्। केन्द्रले सेवा सञ्चालन भएयता गत असार मसान्त (आर्थिक वर्ष २०७७/७८)सम्म एक हजार ९०४ सर्पदंशका बिरामीको सफल उपचार गरिसकेको छ।

केन्द्रमा उपचारका लागि नेपाली सेनाले उपलब्ध गराएका दक्ष प्राविधिक र औषधि (एन्टी स्नेक भाइल) हरदम तयार अवस्थामा रहे पनि भेन्टिलेटर नहुँदा कतिपय गम्भीर अवस्थाका बिरामीलाई अन्यत्र सिफारिश गर्नुपरेको केन्द्रले जनाएको छ। केन्द्रमैं वा बर्दिबास अस्पतालमा भेन्टिलेटर प्रबन्धका लागि बर्दिबास नगरपालिका र स्वास्थ्य मन्त्रालयमा पटक-पटक आग्रह गरेको केन्द्रका अध्यक्ष देवकोटा बताउँछन्।







## आजको राशिफल

| | |
|---|---|
| मेष – कान्तिक्षय | वृष – भाग्योदय |
| मिथुन – खर्चवृद्धि | कर्कट – मनोरञ्जन |
| सिंह – सफलता | कन्या – राज्यभय |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – शत्रुभय | मकर – कार्यनाश |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# चिकित्सकमाथि हातपात गर्ने चारजना पक्राउ

प्रस, वीरगंज, १७ साउन/

भवानी अस्पताल वीरगंजका चिकित्सक र नर्समाथि हातपात गरेको कसूरमा प्रहरीले चारजनालाई पक्राउ गरेको छ। वीरगंज महानगर-२० मनियारी निवासी ३८ वर्षीया रमिता देवीको मृत्युको विषयलाई लिएर चिकित्सक डा विजय महतो र नर्स बबिता चौधरीमाथि हातपात गर्ने चारजनालाई प्रहरीले पक्राउ गरेको हो। भवानी अस्पतालमा आइतवार बिहान ११ बजे रमिता देवीलाई उपचारको लागि ल्याइएको थियो। उपचारको क्रममा आधा घण्टापछि उनलाई मृत घोषित गरिएको थियो।



घटनापछि अस्पताल अगाडि तैनाथ सुरक्षाकर्मी। तस्वीरः नितेश कर्ण

परिवारजनले शव बुझेर लगेका थिए। तर १:३० बजे पुनः उनी जीवित भएको भन्दै परिवारजनले सोही अस्पतालमा उपचार गर्न ल्याएका थिए।

अस्पतालले पुनः रमिता देवीलाई मृत घोषित गरेपछि उनका परिवारजन, आफन्तजनले चिकित्सक र नर्समाथि हातपात गरेको बुझिन आएको छ। अस्पतालले शुरूमैं मृत घोषित गरेको व्यक्तिलाई पछि जीवित दाबी गर्दै ल्याएको भएपनि मृत नै घोषित गरेपछि परिवारजन आक्रोशित भएका थिए।


पर्सागढी नगरपालिकाका सामुदायिक विद्यालयहरू कोरोना महामारीको कारण सञ्चालनमा नआएपछि बालबालिकाहरू गुच्चा खेलेर दिन बिताउँदै। तस्वीरः बलिराम शुक्ला

# जीप, कार, भ्यान आयातमा २ अर्ब ३७ करोड राजस्व सङ्कलन

प्रस, वीरगंज, १७ साउन/

वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार नाकाबाट जीप, कार, भ्यान आयातबापत रु २ अर्ब ३७ करोड राजस्व सङ्कलन भएको छ।

गत आवको साउनदेखि असारसम्म रु १ अर्ब ७५ करोड ४४ लाख ८ हजार राजस्व तिरेर रु ६१ करोड २८ लाख ३३ हजार मूल्यबराबरका २२७ वटा ननइलेक्ट्रिक गाडी भित्रेका छन् भने रु ६२ करोड ८७ लाख राजस्व तिरेर रु ३८ करोड ८० लाख २९ हजार मूल्यबराबरका १०४ वटा इलेक्ट्रिक गाडी भित्रेका छन्।

जबकि अघिल्लो आव २०७६/७७ मा रु ७५ करोड ७० लाख ८७ हजार राजस्व तिरेर रु २२ करोड ४७ लाख २९ हजार मूल्यबराबरका ११५ वटा ननइलेक्ट्रिक र रु १ अर्ब ५५ करोड ५५ लाख २८ हजार राजस्व तिरेर रु १ अर्ब २० करोड ३९ लाख ८१ हजार मूल्यबराबरका ३४५ वटा इलेक्ट्रिक गाडी भित्र्याइएको थियो।

त्यसैगरी, त्योभन्दा अघिल्लो आव २०७५/७६ मा रु ४७ करोड ५१ लाख ७४ हजार राजस्व तिरेर रु ३८ करोड ३७ लाख ३२ हजार मूल्यबराबरका १३४ वटा ननइलेक्ट्रिक र रु १६ करोड ७८ लाख ७६ हजार राजस्व तिरेर रु १३ करोड १ लाख २१ हजार मूल्यबराबरका ३३ वटा इलेक्ट्रिक गाडी भित्रेका थिए।

भन्सार नियम अनुसार इलेक्ट्रिक गाडीमा राजस्व दरबन्दी कम हुन्छ भने डिजेल, पेट्रोलबाट चल्ने गाडीमा १८० देखि २ सय प्रतिशतसम्म राजस्व लाग्छ। ब्याट्रीबाट चल्ने इलेक्ट्रिक गाडीको क्षमता अनुसार बढीमा ६० प्रतिशतसम्म मात्र राजस्व लाग्छ।

# बाँदरझुलास्थित सशस्त्रको क्याम्पमा बिजुली पुग्यो

माधव तिमल्सिना, ठोरी, १७ साउन/

ठोरीसँग सिमाना जोडिएको बाँदरझुलास्थित सशस्त्र प्रहरीको बेस क्याम्पमा बिजुली पुगेको छ। चितवनको माडी नगरपालिका-९ मा पर्ने विकट क्षेत्र बाँदरझुला गाउँस्थित सशस्त्रको क्याम्पमा पहिलोपटक आइतवार बिजुलीबत्ती बलेको हो।

ठोरी गाउँपालिका-१, चौतारासँग सिमाना जोडिएको सो ठाउँमा बिजुली नहुँदा स्थानीयका साथै सुरक्षाकर्मीलाई समेत समस्या हुँदै आएको थियो। चितवन जिल्लामा पर्ने ठाउँ भएपनि पर्साको पोखरिया वितरण केन्द्रले तत्काललाई सशस्त्रको बेस क्याम्पसम्म विद्युत् पुऱ्याएको छ।

केबुल तारमार्फत रूखमा तार झुन्ड्याएर क्याम्पसम्म विद्युत् पुऱ्याइएको पोखरिया वितरण केन्द्र अन्तर्गतको सुवर्णपुर फ्युज सेवाका प्रमुख रामलालले जानकारी दिए। चौताराबाट रूखमाथि तार टाँगेर झन्डै २ किलोमिटर दूरीमा रहेको क्याम्पसम्म बिजुली लगिएको उनले बताए।

चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको सो गाउँमा रहेको सशस्त्रको क्याम्पसम्म जेनतेन बिजुली पुगेपछि स्थानीयलाई पनि गाउँमा बिजुली बल्छ कि भन्ने आशा जागेको छ। निकुञ्जको कारण लामो समयदेखि स्थानीयले बिजुलीबत्ती, यातायात जस्ता सेवाहरू सहजरूपमा पाउन नसकेको क्षेत्रमा सरकारी प्रतिनिधिका रूपमा रहेको सशस्त्र प्रहरीले आइतवार बिजुली बालेको हो।


रूखमा विद्युत्को तार झुन्ड्याउँदै प्राधिकरणका कर्मचारी। तस्वीरः प्रतीक

# बसपार्क निर्माणमा ढिलासुस्ती

राजविराज, १७ साउन/रासस

नगरवासीको चाहना र सपनाका रूपमा लामो समयदेखि बसपार्क निर्माणमा ढिलासुस्ती हुँदा अलपत्र परेको छ। सप्तरीको राजविराजस्थित राजदेवी टोलमा रहेको व्यवस्थित बसपार्क निर्माण कम्पनीको ढिलासुस्तीले गर्दा अहिलेसम्म ५० प्रतिशत पनि काम भएको छैन।

निर्माण कार्यको समयावधिसमेत समाप्त भएको सात महीना बितिसकेको बताइएको छ। शहरी विकास मन्त्रालयबाट रु १६ करोड ३८ लाख ९६ हजार ५१९ मा काम गर्ने ठेक्का पाएको काठमाडौंको कुलेश्वरस्थित सिनर्जी बिल्डर्स प्रालिले उक्त बसपार्क निर्माणको लागि २०७४ पुस १६ गते सम्झौता गरेको थियो। निर्माण कम्पनीले २०७७ पुस १८ गतेभित्र बसपार्क निर्माण गरिसक्नुपर्ने समय निर्धारण गरिएको थियो। सुस्तगतिमा काम गर्दा म्याद सकिएको सात महीनाभन्दा बढी भइसक्दा पनि ५० प्रतिशत काम मात्र भएको पाइएको छ।

निर्माण कम्पनीले कहिले कोरोनाको बहाना, निर्माण सामग्रीको अभाव तथा मन्त्रालयबाट समयमैं रकम निकासा नपाएको भन्दै निर्माण कार्यप्रति आलटाल गरिरहेको राजदेवी टोलका चन्दन यादवको भनाइ छ।

बसपार्क समयमा निर्माण नहुँदा यहाँका रूपनी सडक, गजेन्द्रचोक, नेता चोक, कुनौली मोड, राममन्दिर मोड र सखडा रोडलगायतका स्थानबाट अहिले लामो तथा छोटो दूरीका सवारीसाधन सञ्चालनमा छन्।

राजविराजका नगरप्रमुख शम्भुप्रसाद यादवले विभिन्न कारणले समयमा निर्माण कार्य सम्पन्न गर्न नसकेको ठेकेदार कम्पनीलाई पटक-पटक सचेत गराइएको जानकारी दिँदै अब पनि ढिलाइ गरे ठेक्का रद्द प्रक्रिया अघि बढाउन पहल गरिने बताए।

# नेकाको क्रियाशील सदस्यता स्थगित

बलिराम शुक्ला, बिरुवागुठी, १४ साउन/

नेपाली काङ्ग्रेसमा क्रियाशील सदस्यता विवादका कारण पर्सा जिल्लाका केही वडाको पनि नयाँ क्रियाशील सदस्यता स्थगित गरिएको छ।

नेपाली काङ्ग्रेसको विधान अनुसार महाधिवेशनका लागि तल्लो तहका सबैभन्दा महत्त्वपूर्ण मतदाताको रूपमा मानिने क्रियाशील सदस्यता विषयमा छानबिन समितिले बुझाएको प्रतिवेदनमा पर्साका केही वडामा विवादका कारण नयाँ क्रियाशील सदस्यता स्थगित गरिएको प्रतिवेदनमा जनाइएको छ।

काङ्ग्रेस क्रियाशील सदस्यता छानबिन समिति संयोजक रमेश लेखकले मङ्गलवार पार्टी पदाधिकारी बैठकमा सभापतिलाई बुझाएको प्रतिवेदनमा पर्सा जिल्ला निर्वाचन क्षेत्र नं ३ का सबै वडामा स्थगित गरिएको छ भने वीरगंज महानगरपालिका वडा नं २२, २७, २९, र ३१, बहुदरमाई नगरपालिका-२ र ६, पर्सागढी नपा-५, ६, ७ को नयाँ क्रियाशील सदस्यता स्थगित गरिएको छ।

स्थगित गरिएका वडाहरूबाट आएका पुराना सदस्यता सदर गरी समितिले काङ्ग्रेसको १४औं महाधिवेशनपछि प्रक्रिया पुऱ्याएर कायम गर्नेगरी स्थगित गरेको हो। काङ्ग्रेसले देशभरिका १२१ वडामा सदस्यता वितरण स्थगित गरेको छ।

# तीन थान गोलिया र आरासहित एकजना पक्राउ

प्रस, पंचगावाँ, १५ साउन/

पर्सागढी नगरपालिका वडा नं १ मनवा बजारदेखि उत्तर भटनी सडकखण्डबाट तीन थान सालको गोलिया करीब १६ क्युफिट र हाते आरा एक थानसहित पर्सागढी नगरपालिका वडा नं १ बस्ने जगदीप विश्वकर्मालाई वन कर्मचारीले आइतवार बिहान ११:३० बजे पक्राउ गरेको छ।

सबडिभिजन वन कार्यालय रङ्गपुर टाँडीका सुबेदार प्रदीप तिमल्सिना नेतृत्वको वन कर्मचारीले पक्राउ गरी आवश्यक कारबाहीको लागि सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको छ।

# कक्षा ११ को परीक्षा शुरू

प्रस, बिरुवागुठी, १७ साउन/

पर्सागढी नगरपालिका अन्तर्गतका विद्यालयमा मावि तहको कक्षा ११ को परीक्षा शुरू भएको छ।


तस्वीरः बलिराम शुक्ला

आइतवारदेखि देशव्यापीरूपमा शुरू भएको यो परीक्षा पर्सागढीमा पनि स्वास्थ्य मापदण्डको पालना गर्दै शुरू भएको छ। नगरपालिका अन्तर्गत तीनवटा माविमा कक्षा ११ को परीक्षा शुरू भएको हो। आज पहिलो दिन अङ्ग्रेजी विषयको परीक्षा सम्पन्न भएको नेरामावि बर्वाटाँडीका प्रअ रामबहादुर चौधरीले बताए।

पर्सागढी नपा अन्तर्गत जनता मावि पकडिया बडनिहारमा १२९ जना, नेरामावि बर्वाटाँडीमा ३८ जना र नेरामावि बडेर्वामा ८२ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए।

कोरोना सङ्क्रमणको कारण यस वर्ष सरकारले विद्यार्थी अध्ययनरत विद्यालयलाई परीक्षा केन्द्र तोकेर परीक्षा लिँदैछ।

### यातायात वीरगंज....

रोडरोलरमा १२१, क्रेनमा ११०, दमकलमा ४५, लोडरमा ९३, स्काइटरमा ४०४, भ्याकुलोडरमा ३५६, ग्रेडरमा ९३, फोर्कलिफ्टमा ५१, स्कूटीमा २ हजार ५१ गरी १९ हजार ८६ जनाले नयाँ लाइसेन्सको लागि अनलाइन फाराम दर्ता गराएका थिए।

कुल आवेदनको तुलनामा करीब पचास प्रतिशतले सवारी चालक अनुमतिपत्रको लागि परीक्षा उत्तीर्ण गरेको तथ्याङ्कमा उल्लेख छ।

# विश्व स्तनपान दिवस साताव्यापी मनाउँदै

प्रस, पर्सागढी, १७ साउन/

पर्सागढी नगरपालिकामा विश्व स्तनपान दिवस साताव्यापीरूपमा आमाको दूध बच्चाको लागि एकमात्र सर्वोत्तम खाना हो भन्ने सन्देश प्रवाह गरिएको छ। नगरपालिका अन्तर्गतका



तस्वीरः प्रतीक

मनाइँदैछ। 'हामी सबैको साझा जिम्मेवारी, स्तन संरक्षण हुन्छ प्रभावकारी' नाराका साथ आइतवारदेखि साताव्यापीरूपमा विश्व स्तनपान दिवस मनाइँदैछ।

साताव्यापी कार्यक्रम अन्तर्गत स्वास्थ्यचौकी, प्राथमिक स्वास्थ्य केन्द्रका साथै सरकारी तथा गैरसरकारी संस्थाहरूको सहभागितामा प्रचारप्रसार, जनचेतनामूलक कार्यक्रम साताव्यापी आयोजना गरिएको स्वास्थ्य शाखा सहसंयोजक उमेश साहले बताए।




**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|